स्थानीय राजपत्र

**केराबारी गाँउपालिकाद्वारा प्रकाशित**

खण्ड ६, संख्या ९, १२ भाद्र, २०७९

## भाग-२

# केराबारी गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७९

स्वीकृत मिति :-२०७९।०४।३१

प्रमाणिकरण मितिः२०७९।०५।१२

**प्रस्तावना :-** केराबारी गाउँपालिका क्षेत्र भित्र पशु बिकास कार्यक्रमलाई ब्यबस्थित गर्दै पशु पालन व्यवसायको व्यवसायिकरण गर्न साथै केराबारी गाउँपालिकामा पशुपालन व्यवसाय प्रति किसानहरुको बढदो आकर्षण तथा पशुजन्य वस्तुको मागलाई मध्यनजर गर्दै केराबारी गाउँपालिकाले चालु आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरुको व्यवस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गर्न केराबारी गाँउपालिकाको

विनियोजन ऐन, २०७९ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि केराबारी गाँउ कार्यपालिकाले यो कार्यवविधि स्वीकृत गरि लागु गरेकोछ ।

## परिच्छेद १

## प्रारमिभक

**१. संक्षित् नाम र प्रारम्भ :- (१)** यो कार्यविधिको नाम "**केराबारी गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७९**" रहेको छ ।

**(२)** यो कार्यविधि केराबारी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "**कार्यक्रम**" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने पशु विकास कार्यक्रम सम्झनु पर्छ ।

ख) "**कार्यालय**" भन्नाले केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "**कृषक**" भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन, २०७७ अनुसार परिभाषित व्यक्ति सम्झनु पर्छ ।

घ) "**पशु सेवा शाखा**" भन्नाले केराबारी गाउँपालिकाको अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ ।

ङ) "**कृषि समिति**" भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन, २०७७ बमोजिम कार्यपालिकाबाट गठित गाउँपलिका स्तरिय कृषि समिति सम्झिनु पर्दछ ।

च) "**ऐन**" भन्नाले केराबारी गाउँपालिकाको कृषि ऐन, २०७७ लाई सम्झनु पदर्छ ।

छ) “**फर्म**” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको निजि क्षेत्रका ब्यवसाय/उद्यमीको पशु सम्बन्धि ब्यबसाय गर्ने फर्मलाई सम्झनु पर्दछ ।

ज) “**कम्पनी**” भन्नाले ब्यबसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कानुन अनुरुप दर्ता भएको पशु ब्यबसाय सम्बधित कार्य गर्ने कम्पनीलाई सम्झनु पर्दछ ।

झ) “**कृषक समूह**” भन्नाले कृषि पेशामा सलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम पन्ध्र वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामुहिक प्रयासबाट कृषि क्षेत्रमा साझा उदेश्यहरु प्राप्त गर्न साविकको जिल्ला पशु सेवा कार्यालय तथा यस गाउँपालिकामा दर्ता भएका कृषक समूह सम्झनु पर्दछ ।

ञ) “**कृषि सहकारी**” भन्नाले बिगत सहकारी डिभीजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वा केराबारी गाउँपलिका भित्र रहेका सहकारी ऐन, २०७५ अनुरुप दर्ता भएका सस्था सम्झनु पर्दछ ।

ट) “**अनुदान**” भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

ठ) "**अनुदानग्राही**" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषक समूह/कृषि तथा बहुउदेश्य सहकारी सस्था आदिलाई सम्झनु पर्दछ ।

ड) "**स्वीकृत बार्षिक बजेट**" भन्नाले केराबारी गाउँपालिकाको चालु आ.व.बाट पशु विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

ढ) "**बिपन्न सदस्य**" भन्नाले सम्बन्धित वडा कार्यालयले बिपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्दछ ।

## परिच्छेद २

## पशु विकास कार्यक्रम संचालनका क्षेत्र

**३. कार्यक्रमका क्षेत्र** :- केराबारी गाउँपालिकाको चालु आ.व. २०७९।८० मा देहाय बमोजिमका क्षेत्रहरुमा कार्यक्रम सञ्चालन हुनेछ ।

क) बाख्रा र बंगुरको खोर निर्माण तथ सुधार कार्यक्रम,

ख) गाई तथा भैसी पकेट कार्यक्रम,

ग) डेरी तथा पशुपालन सम्बन्धी सामाग्री बितरण कार्यक्रम,

घ) माछा पोखरी निर्माण तथा मर्मत सुधार कार्यक्रम,

ङ) पशु शिविर सञ्चालन कार्यक्रम,

च) पशु स्वास्थ्य प्रवर्दन कार्यक्रम ।

## परिच्छेद ३

## पशु विकास कार्यक्रम संचालनका उदेश्यहरु

**४. पशु विकास कार्यक्रम उदेश्य :-** पशु विकास कार्यक्रम संचालनका उदेश्यहरु देहाय बमोजिम रहेका छन् :-

१. गाउँपालिकाको नीति तथा कार्यक्रम र बार्षिक बजेटको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. केराबारी गाउँपालिकामा दर्ता भएका वा ब्यवसायिक पशुपालन कृषकलाई आवश्यक पर्ने पशुजन्य सेवाहरु उपलब्ध गराउने ।

३. पशुपन्छीहरुको रोग निदान, उपचार र नियन्त्रणमा सहयोग गर्ने ।

४. पशु स्वास्थ्य सम्बन्धि जनचेतना अभिबिद्धि गर्ने ।

५. पशु उपजहरुको उत्पादनमा बृद्धि गरि आयात कम गर्ने ।

६. बेरोजगार जनशक्तिलाई पशुपालन ब्यबसायमा आकर्षित गराई रोजगारी सिर्जनाको माध्यमबाट युबाहरुको आन्तरिक तथा बाह्य पलायनलाई कम गर्ने ।

७. स-साना अनुदानको कार्यक्रम सञ्चालन गरि पशुपालन व्यवसायमा कृषकहरुलाई आकर्षित गराउने ।

८. केराबारी गाउपालिकालाई पशुजन्य उपजमा आत्मनिर्भर बनाउने आदि ।

## परिच्छेद ४

## पशु विकास कार्यक्रम मुल्यांकन समिति

**५. मुल्यांकन समिति :-** दफा ३ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने प्रस्ताब मुल्यांकन गरि स्वीकृतिका लागि सिफारिस गर्ने काम केराबारी गाउपालिकाको कृषि ऐन, २०७७ बमोजिम गठन भएको कृषि समितिले गर्ने छ । मुल्याकंन समितिले आबस्यकता अनुसार मुल्यांकनका लागि अन्य मापदण्ड तयार गर्न सक्नेछ ।

## परिच्छेद ५

## अनुदानग्राहीको छनौट तथा सम्झौता सम्बन्धी व्यवस्था

**६. सुचना प्रकाशन गर्नु पर्ने :-** कार्यालयले दफा ३ बमोजिमका कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार सस्थाहरुलाई प्रस्ताब पेश गर्न कार्यालयले पन्ध्र दिनको समयाबधि दिई अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नुपर्नेछ ।

**७. प्रस्ताव पेश गर्नु पर्ने :-** दफा ६ बमोजिम जारि भएको सूचनामा उल्लेखित कार्यक्रममा सहभागी भई लागत साझेदारी मार्फत अनुदान प्राप्त गर्न इच्छुक अनुदानग्राही दफा ६ बमोजिम समयावाधी भित्र अनुसूची २ बमोजिमको आवेदन साथ अनुसूची ३ बमोजिमको कर्ययोजना तयार गरि कार्यालयमा प्रस्ताब पेश गर्नु पर्नेछ ।

**८. स्वीकृतिको लागि पेश गर्नु पर्ने :-** दफा ५ बमोजिमको मुल्याकन समितिले दफा ७ बमोजिम प्राप्त प्रस्तावहरु अनुसूची ४ बमोजिम मुल्याकन गरि प्राप्त अंकका आधारमा प्रस्तावको स्वीकृतको लागि गाँउ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**९. सम्झौता सम्बन्धी व्यवस्था :-** (१) कार्यालयले कार्यपालिकाबाट प्रस्ताव स्वीकृत गरिएको अनुदानग्रीलाई सात दिन भित्र प्रस्ताव स्वीकृत भएको जानकारी दिनु पर्नेछ ।

(२) प्रस्ताव स्वीकृत भएको अनुदानग्रीले प्रस्ताव स्वीकृत भएको जानकारी पाए पश्चात सम्झौताको लागी देहाय बमोजिम कार्य गर्नु पर्नेछ ।

(क) जानकारी दिएको मितिले पन्ध्र दिन भित्र समन्धित साझेदार सस्थाले कार्यलयसंग अनुसुची ५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(ख) उपदफा १ बमोजिम समय अवधि भित्र सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो प्राथमिकतामा रहेको साझेदार सस्थासंग सम्झौता गर्न सक्ने छ ।

(ग) रित पुर्बकको एक मात्र प्रस्ताब दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न वाधा पर्ने छैन ।

(घ) उपदफा (३) बमोजिम प्रस्ताब आहान गर्दा प्रस्ताब नपरेमा वा एक मात्र प्रस्ताब परि सम्झौता गर्न नआएमा गाउँपलिका पुन प्रस्ताब आव्हान गर्नेछ ।

## परिच्छेद ६

## बाख्रा र बंगुरको खोर निर्माण तथा तथा सुधार कार्यक्रम

**१०. बाख्रा तथा बंगुरको खोर सुधार तथा निर्माण कार्यक्रम :-** गाउँपालिका भित्र बाख्रा तथा बंगुर पालन ब्यबसायको साम्भाबना अत्यधिक रहेको र उक्त व्यवसायप्रति किसानहरुको बढ्दो आकर्षण साथै स्थानीय बजारमा बाख्रा र

बंगुरको मासुको बढ्दो माग रहेको हुँदा स्तरिय मासुको उत्पादन र सहज आपूर्तिको व्यवस्था गर्दै बाख्रा तथा बंगुर पालन व्यवसायलाई सुदृरिकरण गरी कृषकहरुको आर्थिक उन्नति गराउने उदेश्यले केराबरि गाउपालिकामा यो कार्यक्रम आगाडी सारिएको छ । यस कार्यक्रम अन्तर्गत अनुदान दिदा भौतिक निर्माण तथा जिन्सी सामग्री वा उपकरण खरिद आदिमा अनुदान दिइनेछ ।

११. **बाख्रा तथा बंगुरको खोर सुधार तथा निर्माण कार्यक्रम संचालन बिधि** :- (१) गाउपालिकाको क्षेत्र भित्र रहेको अनुदानग्राही संगको लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

(२) यस गाउँपालिकामा कानुनि रुपमा दर्ता भई हालसम्म पशु ब्यबसाय गरिरहेको देहाय बमोजिमका फर्महरुलाई यस कार्यक्रममा समावेश गराईनेछ ।

क) साझेदार संस्थाका सदस्यले बाखाको हकमा कम्तिमा विस वटा सम्म माँउ र बंगुरको हकमा पाँच माउ पालेको हुनुपर्ने छ ।

ख) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

ग) सहकारीले बाख्रा तथा बंगुर पालन गर्न छुट्टै उपसमिति गठन गरेको हुनु पर्ने ।

घ) आफुसंग भएको बाख्रा, खसी, बोका/बंगुर, पाठा, पाठी बिक्रि भएमा पुन अर्को बाख्रा/बंगुर थपी ब्यबसायलाई नियमित गर्नु पर्नेछ ।

ङ) घाँस

च) बिपन्न सदस्य, पिछाडीएको क्षेत्र तथा समुदायलाई बिशेष प्राथमिकता दिइ कार्यक्रम संचालन गरिने छ । साथै,

भौतिक पूर्वाधार र बजारको व्यवस्था भएको स्थानलाई प्राथमिकता दिइनेछ ।

१२. **न्यूनतम मापदण्ड पुरा गरेको हुनुपर्ने :-** यो कार्यक्रममा अनुदान लिए पश्चात बाख्राको हकमा कम्तिमा विस वटा माउ बाख्रा र बंगुरको हकमा पाँच माउ बंगुर पालन गर्न सक्ने खोर निर्माण गर्नुपर्ने छ । यसका अतिरिक्त खोर निर्माण गर्दा बाख्राको लागि टाड भुईबाट ३-५ फिट उचाई भएको हुनु पर्ने र माउ बंगुरको लागि ५'७ फिट ल.xचो. भएको हुनुपर्नेछ साथै, भकारो अर्थात् मलखाध फ्याक्ने खाडललाई घाम पानिबाट जोगाउनको लागि छानाको ब्यबस्था गरिनु पर्ने कुरालाई आधार मानि अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद ७

## ब्यबसायिक गाई तथा भैसी पकेट संचालन कार्यक्रम

**१३. गाई तथा भैसी पकेट कार्यक्रम** :- केराबारी गाउँपालिका भित्र दुग्ध उत्पादन उधोग व्यवसायहरु न्यून रुपमा रहेको साथै गाँउपालिका क्षेत्रमा बनजंगल तथा चरण क्षेत्रको पर्याप्तता रहेकोले गाउँपालिकामा व्यवसायिक रुपमा गाई तथा भैसी पकेट क्षेत्र निर्धारण गरि गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउदै दुधजन्य उपजहरुको निर्यातलाई प्रवर्द्धन गर्ने उद्देश्यले गाई तथा भैसी पकेट कार्यक्रमलाई अगाडी सारिएको छ ।

**१४. गाई तथा भैसी पकेट कार्यक्रम संचालन बिधि :-** (१) यो कार्यक्रम गाउँपालिका क्षेत्र भित्र रहेको कुनै एउटा वडाको कुनै एउटा टोलमा संचालन गरिनेछ ।

(२) गाउँपालिकामा कानुनि रुपमा दर्ता भएका अनुदानग्राहीलाई सहभागी गराई लागत साझेदारीमा यो कार्यक्रम संचालन गरिने छ ।

(३) कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाहरुलाई प्रस्ताब पेश गर्न पन्ध्र दिनको समयाबधि दिई अनुसुची १ बमोजिम गाउँपालिकाले सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) गाई तथा भैसी पकेट कार्यक्रम संचालन गर्दा कुन/कुन योजना छनोट गर्ने भन्ने निर्णय यस कार्यविधिमा उलेख भएका मध्येबाट साझेदार संस्थाले छनोट गर्नेछ ।

**१५. अनुदान र स्वलगानीको बिवरण :-** गाई पकेट कार्यक्रममा साझेदार संस्थाले पाउने अनुदान र स्वलगानीको बिवरण देहाय बमोजिम हुनेछ :-

(क) व्यवसायिक गाई, भैसी पकेट कार्यक्रम अन्तर्गत अनुदान दिदा भौतिक निर्माण, गाई, भैसी वितरण जिन्सी सामग्री तथा उपकरण खरीदमा अनुदान दिइने छ । यो कार्यक्रममा अनुदान लिए पश्चात कम्तिमा पाँच बर्ष सम्म ब्यबसाय छोड्न तथा गाई, भैसी बेच्न पाईने छैन ।

(ख) साझेदारि गर्ने ईच्छुक संस्थाले उपदफा १ बमोजिमको समयाबधि भित्र अनुसूची २ बमोजिमको आबेदन साथ् अनुसूची ३ बमोजिम कार्ययोजना तयार गरि कार्यलयमा प्रस्ताब दर्ता गराउनु पर्ने छ ।

## परिच्छेद ८

## पशुपालन व्यवस्थापनको लागि सामग्री बितरण कार्यक्रम

**१६. पशुपालन व्यवस्थापनको लागि सामग्री बितरण कार्यक्रम :-** केराबारी गाउँपालिका भित्रका पशुपालन व्यवसायमा सक्रिय नागरिकहरुलाई पशु आहार व्यवस्थापनमा प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्ने उद्देश्यले चापकटर तथा दाना बनाउने मिल जस्ता कृषकहरुको आवश्यकता र माग अनुसारका उपकरणहरु

उपलब्ध गराउने कार्यक्रम राखि पशुपालक कृषकहरुलाई उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**१७. सामग्री बितरण कार्यक्रम संचालन बिधि :-** (१) यस गाँउपालिका भित्र रहेको पशुपन्छी ब्यबसायहरुलाई समाबेश गराई कार्यक्रम सचालन गरिने छ ।

(२) गाउँपालिका तथा पशुपन्छी सेबा शाखामा कानुनी रुपमा दर्ता भएका अनुदानग्राहीहरुलाई सहभागी गराई लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

**१८. अनुदानको न्यूनतम मापदण्ड :-** साझेदार सस्थाको ब्यबसाय संचालनमा भएको हुनु पर्ने र फर्मको हकमा कम्तिमा माउ गाई संख्या ०५, माउ भैसी संख्या ०५, माउ बंगुर संख्या ०५ माउ बाख्रा संख्या २० आदि पाल्दै उत्पादन हुदै गरेको अर्थात् सम्पूर्ण ब्यबसाय, फर्महरु मापदण्ड अनुसार हुनुपर्ने ।

## परिच्छेद ९

## माछा पोखरी निर्माण तथा सुधार

**१८. माछा पोखरी निर्माण तथा मर्मत सुधार कार्यक्रम :-** केरावारी गाँउपालिका क्षेत्र भित्र माछापालन व्यवसायलाई व्यावसायिक रुपमा सञ्चालन पालन गर्न तथा भएका माछापोखरीहरुलाई व्यवस्थित गरी किसानहरुलाई प्रोत्साहन गर्न माछा पोखरी निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

**१९. नँया पोखरी निर्माण तथा पुरानो पोखरी मर्मत संभार कार्यक्रम सञ्चालन विधि :-** (१) केरावारी गाँउपालिका भित्र यो कार्यक्रमबाट पोखरी निर्माण तथा संचालनमा रहेका पोखरीहरु मर्मत गर्न सकिने छ ।

(२) नयाँ पोखरी निर्माणका लागी प्राविधिक मुल्याङ्कनका आधारमा बढिमा पच्चहत्तर प्रतिशत अनुदान (प्रतिकठ्ठा जलासय क्षेत्र पन्ध्र हजार) गाँउपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(३) पुरानो पोखरी मर्मत तथा सुधारका लागी प्राविधिक मुल्याङ्कनका आधारमा बढिमा पच्चास प्रतिशत (प्रतिकठ्ठा जलासय क्षेत्रफल सात हजार) अनुदान गाँउपालिकाले उपलब्ध गराउने छ ।

(४) यो कार्यक्रम अन्तर्गत अनुदानग्राहिले गाँउपालिकाको प्राविधिकले तयार पारेको ईष्टिमेट तथा तोकिएको मापदण्ड बमोजिम पोखरी निर्माण गर्नुपर्नेछ ।

(५) यो कार्यक्रममा सहभागी हुन पोखरी नँया पोखरी निर्माणको हकमा कम्तिमा पाँच कठा जलासय क्षेत्रमा निर्माण गर्न प्रस्तावित हुनु पर्दछ तथा पुरानो पोखरी मर्मत कार्यका लागी समेत पाँच कठा जलासय क्षेत्रफलमा पोखरी निर्माण गरी माछापालन गरिरहेको हुनुपर्नेछ ।

## परिच्छेद १०
## पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

**२०. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम :-** व्यवसायिक पशु पालनलाई गाँउपालिकाले प्रोत्साहन गर्ने नीति लिए अनुरुप नियमानुसार दर्ता भई सञ्चालनमा रहेका पशुपालन फर्म/समुहहरुलाई पशु स्वास्थ्य प्रवर्द्धन मार्फत सेवा प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम तर्जुमा गरिएको हो । केराबारी गाउपालिकाको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र गाँउपालिका क्षेत्रमा व्यवसायिक पशुपालनमा बृद्धि हुँदै गएको र पशु स्वास्थ्य

सेवाको माग समेत बढ्दै गएकोले केराबारी गाउँपलिकामा दर्ता भएका पशु फर्म/समुहहरुलाई मध्यनजर गर्दै त्यँहा आवश्यक परजीवी नियन्त्रण, भिटामिन, मिनरल तथा पशु स्वस्थ्य सम्बन्धि परामर्श दिन यो कार्यक्रम अगाडी सारिएको छ ।

**२१. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन प्रकिया :-** पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका सञ्चालन प्रक्रिया देहाय बमोजिम रहेका छन:-

१) केराबारी गाउँपलिकामा दर्ता भएका व्यवसायिक पशुपालान फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

२) केराबारी गाउँपलिकामा दर्ता भएका तपशिल बमोजिमका पशु बस्तु संख्या रहेका फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

१. गाई भैसीपालनको हकमा कम्तिमा ५ माउ हुनुपर्ने,
२. पाडापाडीपालनको हकमा कम्तिमा १० वटा पाडापाडी हुनुपर्ने,
३. बाख्रापालानको हकमा कम्तिमा २० माउ हुनुपर्ने,
४. बंगुर/सुगुरको हकमा कम्तिमा पाठापाठी उत्पादनका लागि ५ माउ र मासु उत्पादनका लागि १० माउ हुनुपर्ने,
५. मत्स्यपालनको हकमा कम्तिमा ५ रोपनी क्षेत्रमा हुनुपर्ने ।

३) गाउँपालिकाले कानूनी रुपमा यस गाउँपलिकामा दर्ता भएका पशु फर्मका लागि आवश्यक पर्ने औषधि, भ्याक्सिन तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने ।

**२२. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको लागत विवरण :-** १) यो कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पुर्ण क्रियाकलापहरुको सञ्चालन गर्न चार लाख रुपैया बिनियोजन भएको छ । जसको वितरण देहाय बमोजिम हुनेछ ।

| **क.स.** | **क्रियाकलाप** | **लागत (रु)** |
|---|---|---|
| १. | कम्तिमा १०० वटा व्यवसायिक पशुपालन फर्महरुलाई रु ४०००।- बराबरको परजीवी नियन्त्रण, भिटामिन र मिनरलका औषधिहरु तथा अन्य सामग्री उपलब्ध गरिनेछ । | ४०००००।- |

## परिच्छेद १२
## एकीकृत पशु स्वास्थ्य शिविर संचालन

**२३. एकीकृत पशु स्वास्थ्य शिविर संचालन :-** केराबारी गाउँपालिकाको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र गाँउपालिका क्षेत्रमा व्यवसायिक रुपमा पशुपालन बृद्धिसगै पशु स्वास्थ्य सेवाको माग बढ्दै गएको र गाँउपालिकाको सबै वडामा पशु सेवा उपलब्धता नभएको यथार्थतालाई दृष्टिगत गरि यस कार्यक्रम मार्फत शाखाको पहुँच नपुगेको वडा तथा क्षेत्रमा एकीकृत पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने अभिप्रायले गाँउपालिकाको नीति तथा कार्यक्रम मार्फत पँहुच नपुगेको वडा तथा क्षेत्रमा एकीकृत पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने अभिप्रायले यो कार्यक्रम ल्याईएको हो ।

**२४. एकीकृत पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन प्रकिया :** १) यस कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाको कृषि समिति र वडासँग समन्वय गरि आवश्यकता अनुसार कृषि समितिले शिविर सञ्चालनको स्थान छनौट गर्नेछ ।

ख) शिविर सञ्चालनको स्थान छनौट पश्चात शिविर सञ्चालनको मिति र स्थान सम्बन्धि विषयको जानकारी वडा कार्यालय मार्फत गाउँपालिकाले सरोकारवालालाई गराउनेछ ।

ग) गाउँपालिकाले शिविर टोलि सहित शिविरका लागि आवश्यक पर्ने औषधि, भ्याक्सिन तथा अन्य सामाग्रीहरुको व्यवस्थापन गर्नेछ ।

घ) गाउँपालिकाले एउटा शिविरमा साना र ठुला गरि कम्तिमा २५० पशुपन्छीलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

**२५. एकीकृत पशु स्वास्थ्य शिविर संचालन खर्च :-** १) यो कार्यक्रम मार्फत शिविरको संचालन शाखाको पहुँच नपुगेका गाँउपालिका तिन वटा स्थानमा सञ्चालन हुनेछ जसको लागि जम्मा तिन लाख विनियोजन गरिएको छ । एक स्थानमा शिविरको संचालन गर्नको लागि आवस्यक सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गर्न देहाय बमोजिम अधिकतम एक लाख रुपैया सम्म खर्च गर्न पाइनेछ ।

| **क्रस** | **क्रियाकलाप** | **लागत (रु)** |
|---|---|---|
| १ | औषधि, खोप तथा अन्य सामग्री | ९६०००।- |
| २ | विविध खर्च | ४०००।- |

## परिच्छेद १३
## बिबिध

**२६. आर्थिक प्रशासन सम्बन्धि ब्यबस्था :-** (१) दफा ३ बमोजिमका क्षेत्रहरुमा संचालन भएका कार्यकर्महरुको लेखांकन तथा लेखा परिक्षण सम्बन्धि ब्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) उलेखित कार्यक्रमहरुको संचालनको लागि आबस्यक कर्मचारी तथा बिज्ञहरुको ब्यबस्थापन गाँउपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारी तथा आबस्यकता अनुसारका बिज्ञहरुको दैनिक भ्रमण भताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार गाउपालिकाले गर्ने छ ।

**२७. अनुगमन मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यबस्था:-** यस कार्यक्रमको अनुगमन गाँउपालिकाबाट गठित अनुगमन समितिले गर्न सक्नेछ । सो कार्यक्रमको प्रतिबेदन गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**२८. थपघट र हेरफेर गर्न सक्ने :-** यस कार्यविधिको कार्यन्वनलाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन कार्यपालिकाले आबस्यकता अनुसार यस कार्यविधिमा थपघट तथा खारेज गर्न सक्ने छ|

**२९. प्रचलित कानुन बमोजिम हुने:-** यस कार्यविधिमा उलेख भएका बिषय यसै कार्यविधि बमोजिम र अन्य बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ |

**३०. कारवाही हुने :-** सम्झौता अनुरुप काम नगर्ने लाभग्राहीको अनुदान रकम कार्यलयले रोक्का गर्न सक्नेछ ।

## अनुसूची १

## (दफा ९ को उपदफा ३ संग सम्बन्धित )

## कार्यक्रम सम्बन्धि प्रस्ताब आह्वान  सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति :-

आ.ब. ------------------ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा रहेको -------------------------------- कार्यक्रममा सहभागी हुन् ईच्छुक कृषक/समुह/समिति/सहकारीलाई यस गाउपालिकासंग लागत साझेदारी गर्न दरखास्त दिन आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र तोकिएको आबेदन अनुसार प्रस्तावित कार्ययोजना सहित यस कार्यलयमा निबेदन दिनहुँन सुचित गरिन्छ । आबेदन साथ् तपसिलको कागजातहरु सहितका बिबरणहरु खुल्ने कागजात पेश गर्नुपर्ने छ । साथै थप जानकारीको लागि यस गाँउपालिकाको पशुपन्छी सेबा शाखामा सम्पर्क गर्नुहुन यसै सुचनाबाट जानकारी गराईन्छ ।

**तपसिल :**

१. अनुसूची २ बमोजिमको आबेदन फारम,
२. अनुसूची ३ बमोजिमको कृषक समुह समितिको कार्योजना,
३. कृषक फर्म/कृषक समुह/समिति दर्ता प्रमाणपत्र,
४. शैक्षिक् योग्यताको प्रमाणित प्रतिलिपि,
५. ब्यबसाय भाडामा लिएको भए जग्गा भाडा लिएको पत्र,
६. फर्म/समुह/समिति/संस्थामा रहेको पशुपन्छी संख्या,
७. कर तिरेको प्रमाणित प्रतिलिपि,
८. ब्यबसायको क्षमता, जग्गा घास रोपनको क्षेत्रफल आदि ।

## अनुसूची -२

## दफा ९ को उपदफा ४ संग सम्बन्धित

## आबेदन पत्र

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु**

**गाउकार्यपालिकाको कार्यलय, केराबारी ।**

बिषय :

केराबारी गाउ पालिकाबाट मिति ------------मा प्रकाशित सुचना अनुसार दरखास्त मांग भए बमोजिम -------------------------------कार्यक्रममा सहभागी हुने चाहना भएकोले तपसिल बमोजिमको कागजातहरु संगन राखी नियमानुसार यो निबेदन पेश गरेको छु |गाउपालिकाबाटअनुदान रकम प्राप्त भएमा यस कार्यविधि र प्रचलित कानुन बमोजिमका शर्त अनुसार कार्य सम्पन्न गर्ने प्रतिबद्यता समेत ब्यक्त गर्दछु |

तपसिल

१. अनुसूची ३ अनुसारको कार्ययोजना

२. कृषक/समुह/समिति दर्ता प्रमाण पत्र

३. ब्यबसाय भाडामा लिएको भए जग्गा भाडामा लिएको पत्र

४. फर्म/समुह/समितिसंग रहेको पशुपन्छी संख्या खुल्ने कागजात

५. घास लागाएको क्षेत्रफल आदि ।

निवेदक

नाम :

पद :

दस्तखत :

फर्म /समुह /समितिको छाप /मिति :

अनुसूची ३

(दफा ९ को उपदफा ४ संग सम्बन्धित )

**साझेदार फर्म/समुह/समिति/संस्थाले पेश गर्नुपर्ने कार्ययोजना बिबरण**

कार्यकर्मको नाम :

संस्थाको नाम :

ठेगाना :

मिति :

रकम हजारमा :

| क्र.स. | क्रियाकलापहरु | स्थानीय सरकारको अनुदान | साझेदारको स्वलागानी | जममा लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**निवेदक**

नाम :

दस्खत :

समुह/समिति/फर्म/संस्था :

मिति :

# अनुसूची ४

## (दफा ९ को उपदफा ५ संग सम्बन्धित)

फर्म/समुह/समिति/संस्था छनोट गर्दा अपनाईने मूल्यांकनको दाँचा

| क.स. | द.न. | निवेदक संस्थाको नाम | ठेगाना | कार्ययोजना २५ | ब्यबसायको साम्भाब्यता २५ | अनुभब/तालिम १० | बिप्पन फर्म/संस्था ५ | घासलागाएको क्षेत्र् वा घसबिकास खेति २५ | आफैले ब्यबसाय संचालन गरेको अबस्थामा १० | कुल प्रतांक १०० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**कृषि समिति प्रतिनिधि** **पशुपन्छी सेबा**

**शाखा प्रतिनिधि**

अनुसूची ५

## सम्झौता पत्र

यस गाउपालिकाको चालु आर्थिक बर्ष --------------------- मा पशुपन्छी सेवा शाखा तर्फ बाट संचालन हुने ----------------------------------------------------------कार्यक्रमको लागि केराबारी गाउपालिकाको कार्यालय (यस भन्दा पछाडी प्रथम पक्ष् भनिने ) र छनौट भएका फर्म/समुह/समिति/संस्था -------------------------- (यस भन्दा पछाडी दोस्रो पक्ष् भनिने) बिच तपसिलका शर्तनामाको अधिनमा रही कार्यकर्म संचालन गर्न सम्झोता भएको छ ।

**शर्तनामाहरु :**

१. प्रथम पक्षले दोस्रो पक्षलाइ --------------------------कार्यक्रम संचालनको लागि बडीमा २ दुई किस्ता मा अनुदान रकम बैक खातामा जम्मा गरि उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोस्रो पक्ष्ले अनिबार्य रुपमा बिल/भापाई पेश गर्नुपर्ने छ ।

२. दोस्रो पक्ष् बाट अनुदान रकमको दरुपयोग भएमा प्रथम पक्षले साबा र सोको १०% हर्जाना सहित रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आबस्यक कारबाही गर्ने छ।

३. तोकिएको प्राबिधिक बिषयबस्तु लाई दोस्रो पक्षले अनिबार्य रुपमा पालना गर्नु पर्ने छ ।

४. ब्यबसाय बाट उत्पादित बस्तुको बजारको ब्यबस्था दोस्रो पक्ष स्वमले नै गर्नुपर्नेछ ।

५. प्रथम पक्षले नियमित रुपमा कार्यन्वनको अबस्था बारेमा अनुगमन/निरिक्षण गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले प्रथम पक्षलाई नियमित रुपमा मासिक प्रगति बिबरण बुझाउनु पर्नेछ ।

७. यस सम्झौतामा उलेखित काम गर्दा परि आउँन सक्ने कुनै पनि भबितब्यको पूर्ण जिम्मेबारी दोस्रो पक्षले स्वयम हुनेछ ।

८. यस सम्झौतामा उलेख भएको बिषय यसै सम्झौता बमोजिम र यसमा उलेख नभएका बिषयहरु प्रचलित एन/नियम बमोजिम हुनेछ ।

| **दोस्रो पक्षको तर्फ बाट :** | **पशुपन्छी सेबा शहखा तर्फ बाट** | **पहिलो पक्षको तर्फ बाट** |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| ठेगाना : | ठेगाना : | ठेगाना : |
| सम्पर्क न. : | सम्पर्क न. : | सम्पर्क न. : |

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत